# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान

नेपाल सङ्गीत तथा नाटय प्रज्ञा-प्रतिष्ठान
काठमाडौं, नेपाल
*प्रथम पटक सूचना प्रकाशन मितिः २०७९।०१।२५*

यस प्रज्ञा-प्रतिष्ठानको काठमाडौं-१, नक्सालमा रहेको जग्गामा रहेका सल्ला जातका ३२ (बत्तीस) र कपूर जातका ३ (तीन) गरि जम्मा ३५ (पैंतीस) वटा खडा रूखहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा कटान, मुछान गरी उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीले यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल**

(१) वन पैदावारको विवरणः

| वन पैदावारको | | | | | | मुल्यांकन रु | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | जात | किसिम | थान | परिमाण (क्यु.फि./चट्टा) | न्यूनतम | कटानमुछान आदि खर्च |
| १. | | सल्ला | खडा रूख | ३२ | २५६६.७३ | ५१३३४६.६८ | |
| २. | | कपुर | खडा रूख | ३ | १४१.५२ | १०६१३.७७ | |
| ३. | | | दाउरा | | २.७१ चट्टा | १०८३३.०० | |
| | जम्मा | | | ३५ | २७०८.२५ | ५३४७९३.४५ | |

(२) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः
(क) अन्तिम मिति २०७९ जेठ १६ गतेसम्म (ख) समय १२ बजेसम्म

(३) बोलपत्र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको कार्यालयबाट खरिद र दाखिला गर्न सकिनेछ ।

(४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको कार्यालयको सिदार्थ बैंकमा रहेको नं. ०१९१५१२११०५ खातामा जम्मा गरेको भौचर समावेश हुनुपर्नेछ ।

(५) बैंक जमानत धरौटीको रूपमा पेश गरिएमा त्यस्तो जमानत कम्तीमा ५ महिना सम्मको हुनु पर्नेछ ।

(६) बोलपत्र फाराम रू १,०००।- (पछि फिर्ता नहुने गरि) तिरी कार्यालयको आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

(७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र यस प्रज्ञा-प्रतिष्ठानको कम्पाउन्डमा रहेको स्थलमा गई हेर्न सकिनेछ ।

(८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(९) निर्धारित गरिएको न्यूनतम सङ्ख्याका र रितपुर्वक पर्न आएका बोलपत्रहरू मिति २०७९/०२/१६ मा १२:००बजे साक्षीहरूको रोहबरमा खोलिनेछ ।

(१०) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धिकर तथा लिलाममा चढाएको बन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

(११) बन पैदावार तोकिएको समय भित्र उठाई बन पैदावारको जरा समेत उखेलेर व्यवस्थापन गर्नु पर्नेछ ।

(१२) बन पैदावार कटान, मुछान गर्दा र उठाई लैजाँदा कुनै प्रकारको क्षति हुन गएमा सो को क्षतिपूर्ति सकारकर्ताले ब्यहोर्नु पर्नेछ ।

(१३) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्दछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१४) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्रज्ञा-प्रतिष्ठानमा रहनेछ ।

काठमाडौं, नेपाल, पोष्ट बक्सः ११७३०, फोन : ९७७-१-४४२८४०४/५ फयाक्स : ४४२८४०७
Email: info@namuda.org.np, Web : www.namuda.org.np